# अध्यक्ष डा. बद्री केसीको अष्ट्रेलिया भ्रमण- संक्षिप्त जानकारी

१४ सेप्टेम्बर - २१ सेप्टेम्बर २०२४



डा. बद्री केसी
अध्यक्ष, गैरआवासीय नेपाली संघ

## एनआरएनए आइसिसि अध्यक्ष डा. बद्री के.सी संग अन्तर्कृया कार्यक्रम अगाडी एनआरएनए अस्ट्रेलियाको अफिसमा स्वागत कार्यक्रम

गैरआवासीय नेपाली संघ वेस्टर्न अष्ट्रेलियाको आयोजनामा शनिबार आयोजित फेस्टिभलको एनआरएनए अध्यक्ष डा. बद्री केसी र वेस्टर्न अष्ट्रेलियाका बहुसांस्कृतिक मन्त्री टोनी बुटीले उदघाटन गर्नुभएको छ ।

नेपाली कला, संस्कृति परम्पराको जर्गेना एवम प्रचार प्रसारका लागि आयोजित फेस्टिभल कलश यात्रासहित सुरू भएको थियो । सो अवसरमा विभिन्न जातजातिको पोशाकसहितको संस्कृति झल्काउने नाचहरू तथा झाकिहरू प्रदर्शन गर्दै शहर परिक्रमा गरिएको थियो ।




उदघाटन समारोहमा बोल्दै मन्त्री बुटीले नेपाली समुदायले राम्रो काम गरिरहेको बताउँदै आफ्नो तर्फबाट १० हजार डलर सहयोगको घोषणा गरेका थिए । कार्यक्रममा स्थानिय सांसदहरू तथा जनप्रतिनिधीहरूको पनि सहभागिता रहेको छ ।

यस्तै फेस्टिबलमा सहभागिताका लागि शुक्रबार नै एनआरएनए अध्यक्ष डा. बद्री केसी, महिला उपाध्यक्ष रोजिना प्रधान राई, सचिव टिका गुरूङलगायत अष्ट्रेलियामै रहेका आइसीसी उपाध्यक्ष विनोद श्रेष्ठ, सचिव डा. ज्ञानेन्द्र रेग्मी, ओसियाना क्षेत्रीय संयोजक दिनेश पोखरेल, एनआरएनए एनसीसी अष्ट्रेलियाका अध्यक्ष अनिल पोखरेल, एनआरएनए विधान संशोधन समितिका संयोजक भवानी ओलीलगायत एनआरएनए अष्ट्रेलियाका राज्यका प्रतिनिधीहरू पर्थमा पुगिसकेका थिए ।

कार्यक्रममा बोल्दै अध्यक्ष केसीले गैरआवासीय नेपाली नागरिकताको निरन्तरता र अधिकारसहितको नागरिकताको लागि लबिङ गरिरहेको बताउनुभयो । उहाँले यस्ता कार्यक्रम विभिन्न देशमा भैरहेको खुसी व्यक्त गर्दै नेपाल बाहिर नेपाल चिनाउने यस्ता कार्यक्रम सार्थक हुने बताउनुभयो । कार्यक्रमको सभापतित्व गरेका एनआरएनए एनसीसी अष्ट्रेलियाका अध्यक्ष अनिल पोखरेलले एनआरएनएको सक्रियतामा यस्ता नेपाली कला तथा संस्कृति झल्कने कार्यक्रम अष्ट्रेलियामा आयोजना भैरहेको जानकारी दिएभयो । कार्यक्रममा उल्लेख्य मात्रामा नेपाली समुदाय, दोश्रो पुस्ताका नेपाली बालबालीकाहरूका अलवा ठुलो संख्यामा विदेशी नागरिकहरू पनि सहभागी थिए ।






## एडिलेडमा एनआरएन अष्ट्रेलियाको यथ कन्क्लेभ

गैरआवासीय नेपाली संघको आयोजनामा भएको युथ कन्क्लेभ युवाहरूलाई देश विकासमा प्रोत्साहन र अवसर प्रदान गर्न थप सक्रियतापूर्वक लाग्ने प्रतिबद्धता सहित सम्पन्न भएको छ । नेकपा एमालेका सचिव एवं पूर्वमन्त्री योगेश भट्टराई, एनआरएन आईसीसी अध्यक्ष बद्री केसी, एनआरएन अष्ट्रेलियाका संस्थापक अध्यक्ष मन केसी, सेतोपाटीका सम्पादक अमित ढकाल सम्मिलित समूहगत छलफलमा एनआरएनको नेपालमा लगानी, विदेशमा सिकेको शिप र ज्ञान मार्फत नेपालको विकासमा योगदान लगायतमा चर्चा भएको थियो ।



कार्यक्रममा सहभागीहरूले पनि समूहगत छलफलमा आएका अतिथिहरूलाई प्रश्न गर्ने अवसर पाएका थिए । कार्यक्रममा बोल्दै एनआरएन आईसीसीका अध्यक्ष डा बद्री केसीले एनआरएन आईसीसीमा विवाद नरहेको बताउनुभयो । आगामी गैरआवासीय नेपाली दिवस अगावै सरकारले विभिन्न १२ वटा कानूनमा एकै पटक संशोधन गरेर मन्त्रिपरिषद्मार्फत निर्णय गर्दै हाल एनआरएन नागरिकतामा देखिएको अप्ठेरोलाई हटाउने जानकारी गराउनुभयो ।

कार्यक्रमपछि प्रतिक्रिया दिँदै अध्यक्ष डा. केसीले एडिलेडमा भएको युथ कन्क्लेभबाट आफुले धेरै युवाहरूको धारणा जान्न पाएको बताउनुभएको छ । अध्यक्ष केसीले भेलाबाट निकालिएको निचोडलाई कार्यान्वयन चरणमा लैजानका लागि एनआरएन आईसीसीसी र एनसीसीले सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

कार्यक्रममा पूर्वमन्त्री योगेश भट्टराईले नेपालको राजनीतिबारे अनावश्यक चासो र टिप्पणी नगर्न अनुरोध गर्नुभएको थियो । उहाँको भनाई थियो, तपाईंहरू विदेशमा हुनुहुन्छ । राम्रो गर्नुहोस् नेपालमा राजनीतिक दलहरूबीच झगडा गराउन नआउनुहोस् ।

गैरआवासीय नेपालीलाई दिने अधिकारका विषयमा सरकार सकारात्मक रहेको उहाँको भनाई थियो । नेपालको आर्थिक सम्बृद्धिमा विदेशमा बस्ने नेपालीहरूले महत्वपूर्ण भूमिका खेल्नेमा आफु विश्वस्त रहेको उहाँको भनाई थियो । साथै, नेता भट्टराईले विदेश पढ्न जाने विद्यार्थीहरूका लागि त्यसतर्फ जानुअघि प्रिडिपार्चर कोर्ष गराउने विषयमा आफुले संसदमा पहल गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

एनआरएन अष्ट्रेलियाका युथ कोअर्डिनेटर सुमन बोहराले कार्यक्रममा युवाहरूका समस्या, उनीहरूको देश विकासको चाहना र नेपालबाट आएका अतिथिहरूको प्रतिबद्धताबीच युथ कन्क्लेभ सफल भएको बताउनुभयो । यस किसिमको कार्यक्रम आगामी दिनमा हरेक वर्ष गर्नुपर्ने आवाज सहभागीहरूबाट आएको र यसलाई सकारात्मक रूपमा लिएको बोहराको भनाई थियो ।






# एनआरएन डे अघि दुईवटा महत्वपूर्ण उपलब्धी हासिल हुँदैछ : अध्यक्ष डा. बद्री के.सी

गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीले अर्को महिना हुन लागेको एनआरएन डे भन्दा अघि विदेशमा बस्ने नेपालीहरूले दुई महत्वपूर्ण उपलब्धी हासिल गर्ने पक्का भएको बताउनुभएको छ । एनआरएनए अष्ट्रेलिया भिक्टोरिया राज्य समितिले मेलबर्नमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष डा. केसीले यस्तो बताउनुभएको हो । उहाँले कार्यक्रममा भन्नुभयो, "एनआरएनको तर्फबाट म गृहमन्त्रीसँग बसेको थिएँ । हामीले गरेको छलफलपछि केही नेपाल ऐन संशोधन गरेर भएपनि गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेपछि पाउने राजनीतिकअधिकारबाहेकको सुविधाहरू तत्काल कार्यान्वयनको चरणमा लैजाने प्रतिबद्धता जनाउनुभएको छ । यसको लागि हाम्रो एनआरएन डेभन्दा पहिले नै यो प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने तयारी छ ।"

अध्यक्ष डा. केसीले ७७ वटै जिल्लाबाट एनआरएन नागरिकता वितरण भइरहेको र त्यस क्रममा कुनै समस्या आएमा काठमाडौंमा अवस्थित केन्द्रीय सचिवालयमा सञ्चालन गरिएको २४ सै घण्टा हटलाईनमा सम्पर्क गर्न अनुरोध गर्नुभयो । साथै उहाँले नेपालमा लगानी गर्न चाहेको एनआरएनका लागि अझै सहज वातावरण बन्न नसकेको भन्दै त्यसका लागि पनि आफुहरूले निरन्तर छलफल अघि बढाएर नेपालमा एनआरएनले गर्ने लगानी चाहे १ डलर नै किन नहोस् त्यसको प्रतिफल सहज रूपमा फिर्ता लैजान पाउने व्यवस्था गर्नसक्ने वातावरण बन्न लागेको जानकारी दिनुभएको थियो । उहाँले भन्नुभयो, "एनआरएन डेभन्दा अघि नै यस विषयमा निर्णय हुने आश्वासन अर्थमन्त्रीज्यूले छलफलको क्रममा दिनुभएको छ । नेपालको शेयर बजारमा एनआरएनहरूले लगानी गर्न पाउने व्यवस्था गर्ने कार्यमा रहेका केही कानूनी जटिलताहरूलाई समेत हटाउने आश्वासन हामीले पाएका छौं ।"




आगामी दिनमा एनआरएनले पूर्ण अधिकारसहितको नागरिकताको निरन्तरताका विषयलाई अघि बढाउने प्रतिबद्धता जनाउनुभयो । ईटालीको संसदमा देशभन्दा बाहिर रहेकाहरूलाई प्रतिनिधित्व गर्न १८ जना सांसद छान्ने व्यवस्था रहेको, पोर्चुगलमा २ जना सांसद देशबाहिर रहेका नागरिकहरूको लागि छुट्याइएको उदाहरण दिँदै नेपालका राजनीतिक दलहरूले देशभन्दा बाहिर बस्ने नेपालीको प्रभावलाई बुझिसकेका कारण नेपालमा पनि विदेशमा बस्ने नेपालीको प्रतिनिधित्व संसदमा हुने दिन आउन धेरै समय नलाग्ने विश्वास व्यक्त गर्नुभयो ।

नागरिकहरूको लागि छुट्याइएको उदाहरण दिँदै नेपालका राजनीतिक दलहरूले देशभन्दा बाहिर बस्ने नेपालीको प्रभावलाई बुझिसकेका कारण नेपालमा पनि विदेशमा बस्ने नेपालीको प्रतिनिधित्व संसदमा हुने दिन आउन धेरै समय नलाग्ने विश्वास व्यक्त गर्नभयो ।

एनआरएनमा देखिएको विवादबारे चर्चा गर्दै अनलाई मतदानको माध्यमबाट भएको चुनावको प्रक्रियामा सहभागी हुने तर परिणामलाई विभिन्न बहानामा अस्वीकार गर्ने कार्य सही नभएको अध्यक्ष डा. केसीको भनाई थियो । यस्तो कार्य गर्ने व्यक्तिहरू एनआरएनको सदस्यसमेत हुने लायक नरहेको भन्दै आगामी दिनमा त्यस्ता व्यक्तिहरूलाई कारवाही हुने चेतावनी उहाँले दिनुभयो ।

उक्त अवसरमा आफ्नो धारणा राख्दै एनआरएन उपाध्यक्ष रोजिना प्रधान राईले अभियानमा महिला सहभागिता बढाउन सबैको साथ आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "घरको चुलो चौकोबाट निस्किदै गर्दा सजिलो छैन, संस्थामा आएपछि अझ गाह्रो छ । महिला प्रोत्साहन गर्ने र अघि बढाउने उद्देश्यका साथ मार्च ८ तारिख ग्लोबल ओमन कन्फ्रेन्स गर्दैछौं । त्यसमा सहभागी हुन आग्रह गर्न चाहें ।"

यस्तै एनआरएन सचिव टिका गुरूङले नेपालमा बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँगको सहकार्यमा ५० जना घरबारविहीन बालबालिकाहरूलाई प्रतिमहिना ५ हजारको दरले सहयोग गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भविष्यमा सडक बालबालिकाविहीन नेपाल बनाउने सरकारी अभियानमा साथ दिने हाम्रो योजना छ ।"

एनआरएनका सचिव डा. ज्ञानेन्द्र रेग्मीले अदालतको निर्णयपछि मल एनआरएन कुन हो हो भन्ने विवाद बाँकी नरहेको भन्दै निरन्तर एनआरएन अभियानमा लाग्न आग्रह गर्नुभएको थियो । उहाँले भन्नुभयो, "एनआरएन अभियान छाडेर डु - अन्डु र रिडुका कामहरू बन्द गर्न आग्रह गर्दछु ।" कार्यक्रममा सहभागी अतिथिहरूलाई एनआरएन अष्ट्रेलियाका प्रवक्ता बबिन मिश्रले स्वागत गर्नुभएको थियो । कार्यक्रमको सभापतित्व एनआरएन अष्ट्रेलियाका उपाध्यक्ष एवं भिक्टोरिया संयोजक मणिरत्न सापकोटाले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन एनआरएन भिक्टोरियाका सचिव सशेन्द्र ग ौतमले गर्नुभएको थियो । कार्यक्रममा उपस्थित एनआएन अभियन्ता, पत्रकार र विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले राखेको जिज्ञासाको जवाफ अध्यक्ष डा. बद्री केसीले दिनुभएको थियो ।

## एनआरएनको नागरिकता र अधिकारका विषयमा छलफल

अध्यक्ष डा बद्री केसीले ७७ वटै जिल्लामा एनआरएन नागरिकता वितरण भइरहेको र नेपालमा लगानीको वातावरण सुधार्ने प्रयास भइरहेको बताउनुभयो। उहाँले यस कार्यमा एनआरएनको योगदान र प्रतिबद्धताको महत्त्वलाई स्पष्ट गर्दै भन्नुभयो, हामी ७७ वटै जिल्लामा एनआरएन नागरिकता वितरण प्रक्रियामा अगाडि बढिरहेका छौं र यसले विदेशमा रहेका नेपालीहरूको अधिकार र पहिचान लाई बलियो बनाउनेछ। डा केसीले थप भन्नुभयो , एनआरएन नागरिकता प्राप्त गरेका व्यक्तिहरूलाई नेपालमा विभिन्न सामाजिक, आर्थिक र राजनीतिक गतिविधिहरूमा समावेश गर्नका लागि प्रक्रिया निरन्तर सुधार गर्दै गएको छ। नेपालमा लगानीको वातावरण सुधार्ने क्रममा, डा केसीले भन्नुभयो विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न नेपालमा लगानीको सहज वातावरण बनाउन हामीले निरन्तर छलफल र प्रयास गरिरहेका छौं । सरकारसँगको वार्तामा हामीले विदेशी लगानीको प्रक्रिया सरल र पारदर्शी बनाउनका लागि कानूनी सुधारको प्रस्ताव गरेका छौं। उहाँले यस सम्बन्धमा अर्थमन्त्रीसँगको बैठक र आर्थिक सुधारका विषयमा भएका छलफलहरूका बारेमा पनि जानकारी दिनुभयो। यसका साथै, नेपालमा एनआरएनको लगानी बढाउनका लागि समृद्ध र सुरक्षित लगानीको वातावरण बनाउने प्रयास जारी रहेको उल्लेख गर्नुभयो । ।

## महिला सहभागिता र सामाजिक योगदान

एनआरएन उपाध्यक्ष रोजिना प्रधान राईले महिला सहभागिता बढाउनका लागि सबैको साथ आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले महिलाहरूको सहभागिता समाजको समृद्धि र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै, विशेष गरी एनआरएन जस्तो संस्थामा महिला प्रतिनिधित्वको आवश्यकता बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँको भनाइमा, महिलाहरूको सक्रिय सहभागिता न केवल संस्थाको प्रगति र निर्णय प्रक्रियामा सशक्त बनाउँछ, बरू यसले महिला सशक्तिकरणको दिशा पनि निर्धारित गर्दछ। रोजिना प्रधान राईले आगामी ८ मार्च, महिला दिवसको अवसरमा ग्लोबल ओमन कन्फ्रेन्सको आयोजना गर्न लागेको जानकारी पनि दिनुभयो, जसमा महिलाहरूलाई प्रोत्साहित गर्ने र थप अघि बढाउनका लागि विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ। यस कन्फ्रेन्समा महिलाका अधिकार, स्वास्थ्य, शिक्षा, र समावेशी समाजको निर्माणबारे पनि छलफल हुने अपेक्षा गरिएको छ।

त्यस्तै, एनआरएन सचिव टिका गुरूङले नेपालमा बालबालिका र जेष्ठ नागरिकको सामाजिक कल्याणका लागि चलाइरहेका विभिन्न योजनाबारे जानकारी दिनुभयो। उहाँले, एनआरएनले नेपालमा ५० जना घरबारविहीन बालबालिकालाई प्रतिमहिना ५ हजार रूपैयाँको सहयोग पुर्याउँदै आएको र यस अभियानलाई भविष्यमा अझ प्रभावकारी बनाउनको लागि थप पहल गर्ने कुरा उल्लेख गर्नुभयो।

### निष्कर्ष

डा. बद्री केसी र एनआरएन नेतृत्वले अष्ट्रेलियामा रहेका नेपाली समुदायसँग निकटतम संवाद कायम राख्दै, नेपालका लागि ठूला योजनाहरूको कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गरेका छन्। यस्ता कार्यक्रमले नेपाली युवाहरूलाई नेपालको समृद्धिमा योगदान पुऱ्याउन प्रेरित गर्नेछन् र गैर आवासीय नेपालीहरूको अधिकार र नागरिकताको सुनिश्चिततासँगै संस्थाको विकासमा महत्वपूर्ण भूमिका खेल्नेछन्।

गैरआवासीय नेपाली संघ
बालुवाटार, काठमाडौं
info@nrna.org www.nrna.org
@NRNAofficial